annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक १३९ पृष्ठ १० | काठमाडौं, सोमबार ३१ भदौ २०८१ | भाद्र शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४४ | MONDAY, SEPTEMBER 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०


कभर स्टोरी

# प्रधानमन्त्रीको जोड रेल, सरकारी संयन्त्रको जहिल्यै ‘झेल’

प्रधानमन्त्री केपी ओलीले पूर्व-पश्चिमदेखि उत्तर-दक्षिण जोड्ने रेल निर्माणलाई प्राथमिकता दिन सम्बन्धित निकायलाई पटक-पटक निर्देशन दिएका छन् । पहिलोपटक प्रधानमन्त्री हुँदादेखि नै ओलीले मुलुकमा पानीजहाज र रेल निर्माणमा जोड दिइरहेका छन् । तर, कर्मचारी संयन्त्र भने रेल निर्माणप्रति उदासीन छ । प्रधानमन्त्री निर्देशन दिने, कर्मचारी प्रशासनले भने सुनेको नसुन्यै गर्ने प्रवृत्तिका कारण रेल निर्माणको गति र प्रगतिको अवस्था टिठलाग्दो छ । त्यसैकारण मुलुकका लागि करिब १ हजार किलोमिटरको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणको काम नै ‘फलामको च्युरा’ जस्तै भएको छ ।

**सुनिता कार्की** | *काठमाडौं*

**– को रिपोर्ट**




समाचार पृष्ठ २

## स्थानीय तहको उपनिर्वाचन मंसिर १६ गते

**अन्नपूर्ण** | *काठमाडौं*

सरकारले स्थानीय तहको उपनिर्वाचन मंसिर १६ गते गर्ने निर्णय गरेको छ। आइतबार बसेको मन्त्रिपरिषद् बैठकले स्थानीय तहको उपनिर्वाचन मंसिर १६ गते गर्ने निर्णय गरेको हो। आइतबारै निर्वाचन आयोगले सरकारलाई मंसिर १६ गते स्थानीय तहको उपनिर्वाचन गर्न सुझाव दिएको थियो। आयोगका पदाधिकारीहरूले आइतबार प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र गृहमन्त्री रमेश लेखकलाई भेटेर उपचुनावको मितिको सम्बन्धमा सुझाव दिएका थिए।

स्थानीय तहमा जिल्ला समन्वय समितिका दुई प्रमुखसहित ४१ जनप्रतिनिधि रिक्त छन्। काठमाडौंको कीर्तिपुर नगरपालिका तथा मोरङको ग्रामनाथ र दैलेखको महाबु गाउँपालिकाको प्रमुख पद रिक्त छ। दोलखाका गौरीशंकर, कालीकोटको नलगाड र डोल्पाको त्रिपुरासुन्दरी गाउँपालिकाको उपप्रमुख पद पनि रिक्त छ।

रुकुमपूर्वको पुथा गाउँपालिकाकी उपप्रमुख भूपेन्द्र बुढाको हालै सवारी दुर्घटनामा निधन भएको छ। निर्वाचनको सुझाव दिन गएको आयोगको टोलीलाई

प्रधानमन्त्री ओलीले निर्वाचनलाई मितव्ययी रूपमा स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण ढंगले सम्पन्न गर्न निर्वाचन आयोगलाई आग्रहसमेत गरेका छन्।

## एक वर्षमै अख्तियारमा झन्डै २७ हजार उजुरी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आर्थिक वर्ष २०८०/८१ मा भ्रष्टाचारसम्बन्धी २६ हजार ९ सय १८ उजुरी परेका छन्। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका ९ हजार २ सय ६८ उजुरीसमेत गरेर कारबाही गर्नुपर्ने जम्मा उजुरीको संख्या ३६ हजार १ सय ८६ छन्। जसमा ७६.५९ प्रतिशत उजुरी (२७,७१४) स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फछ्र्योट भएको अख्तियारका प्रवक्ता एवं सहसचिव नरहरि घिमिरेले जानकारी दिए।

राष्ट्रपति समक्ष आइतबार पेस गरिएको अख्तियारको ३४औं प्रतिवेदनअनुसार उजुरीमध्ये सबैभन्दा बढी संघीय मामिला (स्थानीय तहसमेत) सँग सम्बन्धित ३८.९१ प्रतिशत रहेको उल्लेख छ। शिक्षा (स्थानीय तहसमेत)१५.७९ प्रतिशत,


**राष्ट्रपति रामचन्द्र पौडेललाई अख्तियारको प्रतिवेदन बुझाउँदै प्रमुख आयुक्त प्रेमकुमार राई।**

गैरकानुनी सम्पत्ति आर्जन ६.९८ प्रतिशत, भूमि प्रशासन ६.४९ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्र ४.७१ प्रतिशत, वन तथा वातावरण ३.८२ प्रतिशत, स्वास्थ्य तथा जनसंख्याका ६८ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात ३.६१ प्रतिशत, गृह प्रशासन ३.५२ प्रतिशत, अर्थ २.१३ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ २.१० प्रतिशत खानेपानी तथा सहरी विकास १.६१ प्रतिशत र अन्य निकाय/क्षेत्रसँग सम्बन्धित उजुरीहरू ६.६५ प्रतिशत छन्।

भूमि व्यवस्था मन्त्रालयमा सबैभन्दा बढी उजुरी अख्तियारले संघीय मन्त्रालयमा भ्रष्टाचारका सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा परेको जनाएको छ। कुल उजुरीमा २२८९(१८.१३ प्रतिशत)उजुरी गरेको उल्लेख छ।

» बाँकी पृष्ठ ५

